# नोभल कोरोनाभाइरस COVID-19 बारे टोक्यो महानगरपालिकामा हुनेहरूलाई अनुरोध गरिन्छ

○ हाल नोभल कोरोना COVID-19 बाट सङ्क्रमण हुने व्यक्तिको सङ्ख्या धेरै छ। अझै बढ्यो भने खतरानाक हुन्छ।

○ टोक्यो महानगरपालिकालमा अपातकालीनको घोषणा जारी गरिएको छ। हालको अवस्थामा महत्त्वपूर्ण कुरा भनेको सकेसम्म घरमै बस्ने र घरबाट ननिस्कने हो। अनि अरूलाई भेट्ने, कुराकानी गर्ने जस्तो कार्यहरू नगर्ने हो।

○ आपतकालीनको घोषणा आफ्नो जीवनशैली परिवर्तन गर्नुहोस् भन्ने अनुरोध हो।

**कहिलेदेखि कहिलेसम्म**

जुलाइ 12 तारिख (सोमबार) रातिको 12 बजेदेखि अगस्त 22 तारिख (आइतबार) रातिको 12 बजेसम्म

**अनुरोध**

**टोक्यो महानगरपालिकाका बासिन्दाहरू**

## घरमा बस्नुहोस

○ सकेसम्म दिनमा वा राती घरमै बस्नुहोस्। सकेसम्म बाहिर नजानुहोस्।

○ टोक्यो महानगरपालिकामा प्रवेश गर्ने वा टोक्यो महानगरपालिकाबाट बाहिर जाने नगर्नुहोस्।

○ धेरै मान्छे हुने समयमा वा धेरै मान्छे हुने ठाउँमा बाहिर नजानुहोस्।

○ रेस्टुरेन्ट आदि जाँदा नयाँ कोरोना COVID-19 को संक्रमण हुन नदिने पसल छान्नुहोस्।

○ सडकमा वा पार्कमा जम्मा भएर मदिरा नपिउनुहोस्।

**पसल सञ्चालकहरू**

## पसल बन्द गर्ने, समय छोटो पार्ने, इभेन्ट आदिबारे अनुरोध गरिएको कुरा

※अर्को पाना हेर्नुहोस्।

# अनुरोध गरिने सुविधाहरू (रेस्टुरेन्ट ・ कफि सप आदि)

<table>
<tr><th>सुविधा</th><th>अनुरोध गरिने कुराहरू</th></tr>
<tr><td>रेस्टुरेन्ट</td><td rowspan="3"><मदिरा उपलब्ध हुने पसल, कारावके प्रयोग गर्ने पसल, ग्राहकले आफ्नो मदिरा लिएर आउन पाउने पसल><br>● बन्द गर्नुहोस्<br><मदिरा उपलब्ध नहुने पसल, कारावके प्रयोग नगर्ने पसल, ग्राहकले आफ्नो मदिरा लिएर आउन नपाउने पसल><br>● खोल्न सक्ने समय : बिहान 5 बजेदेखि राति 8 बजेसम्म<br>● अनुरोध गरिने कुराहरू<br>・पसलमा काम गर्नेहरू सम्भव भएसम्म PCR जाँच गर्नुहोस्।<br>・पसलमा प्रवेश गर्ने ग्राहकहरूको सङ्ख्या कम गराउनुहोस्।<br>・ज्वरो आएको व्यक्तिलाई पसलमा प्रवेश गर्न नदिनुहोस्।<br>・आफ्नो हातलाई सधैँ सफा राख्न सक्ने प्रबन्ध मिलाउनुहोस् र किटाणुमुक्त बनाउने तरल राख्नुहोस्।<br>・आफू काम गर्ने ठाउँवरपर सधैँ सफा गर्नुहोस् र किटाणुमुक्त बनाउनुहोस्।<br>・पसलमा प्रवेश गर्ने सबैलाई अनिवार्य रूपमा मास्क लगाउन अनुरोध गर्नुहोस्।<br>・मास्क नलगाएको वा हात किटाणुमुक्त नराखेको व्यक्तिलाई पसलमा प्रवेश गर्न नदिनुहोस्।<br>・पसलमा कोही मास्क नलगाइकन कुरा गरिरहेको छ वा ठुलो स्वरमा बोलिरहेको छ भने तिनलाई पसल छोड्न अनुरोध गर्नुहोस्।<br>・सुविधामा सधैँ ताजा हावा आवतजावत गर्न दिनुहोस्।<br>・नोभल कोरोना नसर्नको लागि सिटबीच दूरी राख्नुहोस् र अनुहार अनुहारको बिचमा पार्टिशन राख्ने अदि गर्नुहोस्।<br>・"व्यवसायको निर्देशन" पछ्याउनुहोस्।<br><br><br><br><br><br>● विवाह हलको लागि यी माथिको सबै अनुरोधलगायत खोल्ने समय "1.5 घण्टासम्म" अनि ग्राहकको सङ्ख्या "50 जनासम्म वा अट्ने मान्छेको 50% सम्म" गर्ने अनुरोध गरिन्छ।</td></tr>
<tr><td>मनोरञ्जन सुविधा</td></tr>
<tr><td>ब्याङ्क्वेट हल आदि<br>(विवाह हल)</td></tr>
</table>

# अनुरोध गरिने सुविधाहरू

| | सुविधा-उदाहरण | अनुरोध गरिने कुराहरू |
|---|---|---|
| सुविधा -पसल | डिपार्टमेन्ट स्टोर · सपिङ सेन्टर आदि (दैनिक जीवनको लागि आवश्यक स्टोरहरू बाहेक) | ● पसलहरू खोल्न सक्ने समय (दैनिक जीवनको लागि आवश्यक स्टोरहरू बाहेक)<br>1,000$m^2$ भन्दा फराकिलो सुविधा: बिहानको 5 बजेदेखि राति 8 बजेसम्म<br>1,000$m^2$ वा सोभन्दा सानो सुविधा: सम्भव भएसम्म बिहानको 5 बजेदेखि राति 8 बजेसम्म<br>● पसलमा प्रवेश गर्ने ग्राहकहरूको सङ्ख्या कम गराउनुहोस्।<br>● मदिरा उपलब्ध नगराउनुहोस्।<br>● ग्राहकले पसलमा मदिरा लिएर आउन पाउँदैन।<br>● काराओके प्रयोग नगर्नुहोस्।<br>● "व्यवसायको निर्देशन" पछ्याउनुहोस्। |
| | पाचिन्को पसल, गेम सेन्टर आदि | |
| | व्यक्तिगत कोठा भएको पब्लिक बाथहाउस, व्यक्तिगत कोठा भएको भिडियो पसल आदि | |
| | सुपर पब्लिक बाथ, सोन्दर्य सेवा उद्योग आदि | |

# अनुरोध गरिने सुविधाहरू (इभेन्ट आदि)

<table>
<tr><th></th><th>सुविधा - उदाहरण</th><th>अनुरोध गरिने कुराहरू</th></tr>
<tr><td rowspan="7">सुविधा<br>-इभेन्ट</td><td>सङ्ग्रहालय, कला सङ्ग्रहालय, चिडियाखाना आदि</td><td rowspan="7">● ग्राहकहरूको सङ्ख्यालाई अट्ने मान्छेको 50% सम्म गराउनुहोस्।<br>10,000 जना भन्दा धेरै ग्राहकहरू अटाउने ठाउँमा ग्राहक सङ्ख्या 5,000 सम्म गराउनुहोस्।<br>● पसल खोल्न सक्ने समय<br>इभेन्ट भएको बेला : रातिको 9 बजेसम्म<br>इभेन्ट नभएको बेला : 1,000$m^2$ भन्दा फराकिलो सुविधा : राति 8 बजेसम्म<br>1,000$m^2$ वा सोभन्दा सानो सुविधा : सम्भव भएमा रातिको 8 बजेसम्म<br>● पसलमा प्रवेश गर्ने ग्राहकहरूको सङ्ख्या कम गराउनुहोस्।<br>● मदिरा उपलब्ध नगराउनुहोस्।<br>● ग्राहकलाई मदिरा लिएर आउन पाउँदैन।<br>● कारावके प्रयोग नगर्नुहोस्।<br>● “व्यवसायको निर्देशन” पछ्याउनुहोस्।</td></tr>
<tr><td>बेसबल फिल्ड, व्यायामशाला, खेलकुद क्लब आदि</td></tr>
<tr><td>मुभि थिएटर, थिएटर, मनोरञ्जन हल आदि</td></tr>
<tr><td>थिम पार्क, मनोरञ्जन पार्क</td></tr>
<tr><td>सम्मेलन हल, पब्लिक हल आदि</td></tr>
<tr><td>प्रदर्शनालय, साँस्कृतिक हल आदि</td></tr>
<tr><td>होटेल, ऱ्योकान<br>(ब्याङ्क्वेट हल मात्र)</td></tr>
</table>